# "उत्तरगया गाउँपालिका छात्रवृत्ति वितरण सम्बन्धी कार्यविधि"
## २०८३

गाउँ कार्यपालिकाबाट स्वीकृत मितिः २०८३/०१/२२

**प्रस्तावना :-**

उत्तरगया गाउँपालिकाभित्र स्थायी बसोबास गर्ने नागरिकहरुको विज्ञान शिक्षा तथा प्राविधिक शिक्षामा पहुँच पुर्‍याउने र सक्षम जनशक्ति उत्पादन गर्ने उद्देश्यले उच्च शिक्षा अध्ययन गरिरहेकालाई छात्रवृत्ति मार्फत सहयोग गर्ने तथा विद्यार्थीहरुलाई प्रोत्साहन गर्ने गरी गाउँ कार्यपालिकाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा २ ले दिएको अधिकार प्रयोग गरी यो कार्यविधि तयार गरेको छ ।

**१.संक्षिप्त नाम र प्रारम्भः-**

क. यस कार्यविधिको नाम "उत्तरगया गाउँपालिका छात्रवृत्ति वितरण सम्वन्धी कार्यविधि २०८३" रहेको छ ।

ख.यो कार्यविधि गाउँ कार्यपालिकाले स्वीकृत गरेपछि लागु हुनेछ।

**२ .परिभाषाः-**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-

क. ऐन भन्नाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ लाई सम्झनुपर्छ।
ख. गाउँपालिका भन्नाले उत्तरगया गाउँपालिका सम्झनुपर्छ ।
ग. "अध्यक्ष" भन्नाले उत्तरगया गाउँपालिकाको अध्यक्षलाई सम्झनुपर्दछ ।
घ. "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले उत्तरगया गाउँ कार्यपालिकामा कार्यरत प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ।
ङ. "विद्यार्थी" भन्नाले उत्तरगया गाउँपालिका स्थायी ठेगाना भएका नियमित कक्षा अध्ययन गर्ने विद्यार्थीलाई सम्झनुपर्छ।

माधव प्रसाद अर्याल
अध्यक्ष

च. "प्राविधिक धार" भन्नाले विज्ञान, इन्जिनियरिङ,आई.टी.,चिकित्सा, कृषि, पशु सेवा तथा सीपमूलक शिक्षा, स्वास्थ्य क्षेत्रका विषय भन्ने सम्झनुपर्छ।

छ. "विपन्न" भन्नाले आर्थिक हिसावले पछि परेका समूह भन्ने सम्झनुपर्छ।

ज. "संरक्षक" भन्नाले बालबालिकाको संरक्षण गरी पठन पाठन लालन पोषणमा सहयोग गर्ने अभिभावक सम्झनु पर्छ यसमा बालबालिका गैर दलित भए पनि संरक्षकत्व गर्ने व्यक्ति दलित छ भने त्यस्ता बालबालिकाले दलित बालबालिकाले पाएको सुविधा पाउन सक्नेछन भन्ने बुझ्नुपर्छ।

झ. "समिति" भन्नाले दफा ४ बमोजिम उत्तरगया गाउँ कार्यपालिकाद्वारा गठित छात्रवृत्ति व्यवस्थापन समिति भन्ने बुझ्नुपर्छ।

**३.कार्यविधिको उद्देश्यः-**

क. विपन्न बालबालिकाको प्राविधिक शिक्षामा पहुँच बढाउन ,

ख. विज्ञान तथा प्राविधिक विषय अध्ययनमा आकर्षण बढाउन ,

ग. अनुसन्धनात्मक क्षेत्रमा उत्तरगया गाउँपालिकाको सहभागिता बढाउन ,

घ. दक्ष जनशक्ति उत्पादन गर्न ,

ङ. उत्तरगयाबासीको रोजगारी र आर्थिक विकासमा टेवा पुर्याउनु ।

**४.छात्रवृति व्यवस्थापन समितिः-**

क. गाउँशिक्षा समितिको अध्यक्ष–अध्यक्ष

ख. गाउँपालिकाको उपाध्यक्ष -सदस्य

ग. प्रमुख प्रशासकीय अधिकृत -सदस्य

घ. सामाजिक विकास समितिको संयोजक- सदस्य

ङ. विद्यालय प्रधानाध्यपकहरु मध्येबाट गाउँपालिकाको अध्यक्षले तोकेको एकजना- सदस्य

छ. शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख- सदस्य सचिव

माधव प्रसाद अर्याल
अध्यक्ष

५.छात्रवृति व्यवस्थापन समितिको काम कर्तव्य:

क.आवेदन माग गर्ने सूचना प्रकाशन गर्ने,

ख.बजेट तथा वितरण कार्य योजना बनाउने,

ग.अन्तिम नामावली तयार गरी स्वीकृतिका लागि कार्यपालिकामा पेश गर्ने,

घ. वितरण कार्यक्रम सञ्चालन गर्ने ,

च. अनुगमन गर्ने ।

६.छात्रवृति रकम/प्रकारः-

विद्यालय शिक्षा परीक्षा वा सो सरह उत्तीर्ण गरेका यस गाउँपालिका भित्र स्थायी बसोबास भएका विद्यार्थीहरुलाई उच्च शिक्षा हासिल गर्न सहयेग स्वरुप तल उल्लेखित रकम ननाघ्ने गरी तोकिएको संख्यामा यस शीर्षकबाट खर्च गर्न सकिने छ ।उच्च शिक्षा अध्ययन छात्रवृत्तिका लागि विद्यार्थी छनौटको अन्तिम निर्णय उत्तरगया गाउँपालिकाको कार्यपालिकाले गर्ने छ ।

| क.सं. | छात्रवृत्ति प्रदान गरिने विषय क्षेत्र/तह | संख्या | छात्रवृत्ति बापतको रकम | कैफियत |
|---|---|---|---|---|
| १ | विद्यावारिधि | माग बमोजिम | १,००,०००/- | प्रति व्यक्ति एकपटक |
| २ | एम.वि.वि.एस | १ | ३,००,०००/- | प्रति वर्ष |
| ३ | सिभिल ईन्जिनियर अध्ययन | १ | १,२५,०००/- | प्रति वर्ष |
| ४ | आई.टी. | १ | १,२५,०००/- | प्रति वर्ष |
| ५ | शुद्ध विज्ञान अध्ययन स्नातक तह | १ | ५०,०००/- | प्रति वर्ष |
| ६ | शिक्षा विज्ञान अध्ययन स्नातक तह | १ | ५०,०००/- | प्रति वर्ष |

माधव प्रसाद अर्याल
अध्यक्ष

| | | | | |
|---|---|---|---|---|
| ७ | स्टाफ नर्स | २ | ५०,०००/- | प्रति वर्ष |
| ८. | हेल्थ असिष्टेन्ट | २ | ५०,०००/- | प्रति वर्ष |

माथि उल्लेखित छात्रवृत्ति प्रदान गरिने विषय क्षेत्र/तहको क्र.सं नं ३ र ४ मा कुल संख्यामा २ नबढ्ने गरी कोटा समायोजन गर्न सकिनेछ, छात्रवृत्ति प्रदान गरिने विषय क्षेत्र/तहको क्र.सं नं ५ र ६ मा कुल संख्यामा २ नबढ्ने गरी कोटा समायोजन गर्न सकिनेछ, छात्रवृत्ति प्रदान गरिने विषय क्षेत्र/तहको क्र.सं नं ७ र ८ मा कुल संख्यामा ४ नबढ्ने गरी कोटा समायोजन गर्न सकिनेछ ।

यसैगरी यसै शीर्षकबाट प्राविधिक (प्रमाण पत्र तह वा सो सरह) धारतर्फ उल्लेखित क्षेत्र/विषय अध्ययन गर्नका लागि एस.इ.इ वा सो सरह उत्तीर्ण गरेका, उत्तरगया गाउँपालिका भित्र स्थायी बसोबास गर्ने विद्यार्थीहरुबाट परेको आवेदन र छनौट समितिको सिफारिसका आधारमा कार्यपालिकाको निर्णय बमोजिम कुल ११ जनामा नबढ्ने गरी प्राविधिक धारतर्फ ३ वर्षे कोर्ष अध्ययनका लागि प्रति विद्यार्थी वार्षिक रु ३०,०००।- का दरले शर्तहरु समेत उल्लेख गरी छात्रवृत्ति प्रदान गरिने छ ।

| क्र.स | अध्ययनको विषय क्षेत्र | छनौट गरिने संख्या | कैफियत |
|---|---|---|---|
| १ | कृषि विज्ञान | ३ | |
| २ | पशु विज्ञान | ३ | |
| ३ | सव इन्जिनियर सिविल | ३ | |
| ४ | सव इन्जिनियर मेकानिकल | १ | |
| ५ | सर्वेक्षक | १ | |

यस शीर्षकमा छात्रवृत्तिमा अध्ययनका लागि तोकिएको विषय क्षेत्रका कोटाहरुमा कुनैमा न्युनतम आवश्यक संख्यामा समेत आवेदन नपर्ने तथा कुनैमा आवश्यक संख्या भन्दा धेरै आवेदन परेको

माधव प्रसाद अर्याल
अध्यक्ष

खण्डमा कार्यपालिकाको निर्णय बमोजिम जम्मा ११ जनामा नबढ्ने गरी विषय क्षेत्र र छनौट गरिने संख्या थपघट गर्न बाधा पुग्ने छैन ।

एम.बी.बी.एस अध्ययनको लागि हरेक ३ वर्षमा एकपटक मात्र आवेदन आव्हान गरिनेछ तर कुनै वर्षको आवेदनमा एम.बी.बी.एस अध्ययनको लागि कसैको दरखास्त नपरेमा अर्को वर्ष आवेदन मागका लागि बाधा पर्ने छैन साथै एम.बी.बी.एस अध्ययनको आवदेन नपरेमा ७ दिनको पुन:सूचना गरी बि.डि.एस. लाई पनि प्रति विद्यार्थी रु २,००,०००।- का दरले छात्रवृत्ति प्रदान गर्न सकिनेछ । त्यसै गरी एम.बी.बी.एस/ बि.डि.एस. को आवेदन नपरेको खण्डमा छात्रवृत्तिका लागि तोकिएको ३ वर्ष अवधि भित्र भर्ना भई गाउँपालिकाको समयको मापदण्डमा नपरेको तर मेडिकल काउन्सिलले लिएको प्रवेश परीक्षामा उत्तीर्ण भई अध्ययन गरिरहेका विद्यार्थीहरु मध्ये एम.बी.बी.एस अध्ययन गरिरहेका वा बि.डि.एस. अध्ययन गरिहेका मध्येबाट बढीमा २ जनालाई रु १,५०,०००।- का दरले छात्रवृत्ति उपलब्ध गराउन बाधा पर्ने छैन । विद्यावारिधिका लागि छात्रवृत्ति प्रदानको हकमा नेपाली विश्वविद्यालयमा विद्यावारिधि तहमा कुनैपनि विषयमा शोध गरिरहेका शोधार्थीहरु हुनुपर्नेछ ।

## ७.छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीले पालना गर्नुपर्ने शर्तहरु

(१) गाउँपालिकाले आवश्यकता ठानेको अवस्थामा स्नातक तहको छात्रवृत्ति प्रदान गरिएका व्यक्तिले प्रचलित पारिश्रमिक प्राप्त गर्ने गरी कम्तिमा २ वर्ष गाउँपालिकाअन्तर्गत सेवा प्रदान गर्नुपर्नेछ। छनौट भएका विद्यार्थीहरुले छनौटको सूचना प्रकाशन भएको मितिले १ महिनाभित्र अनुसूची २ बमोजिमको सर्त/सम्झौता गरिसक्नुपर्नेछ ।

(२) विद्यार्थीले छात्रवृत्ति प्राप्त गरेको वर्षको(सेमेस्टर प्रणालीको हकमा दुवै सेमेस्टरको) परीक्षामा उत्तीर्ण भएको लब्धाङ्कपत्र पेश गरेपश्चात मात्र पछिल्लो वर्षको छात्रवृत्ति रकम सम्बन्धित विद्यार्थीको बैङ्क खातामा निकासा गरिनेछ।नियमित परीक्षामा अनुत्तीर्ण भएमा छात्रवृत्ति प्रदान कार्य स्वत: बन्द हुनेछ ।

## ८.छनौटको आधार/छात्रवृत्तिको लागि आवश्यक योग्यता:

(१) विद्यावारिधिबाहेक अन्य छात्रवृत्तिको लागि प्राप्त आवेदनहरुबाट छनौटका लागि निम्नानुसार अङ्क निर्धारण गरिने छ र सोको आधारमा समितिले गाउँकार्यपालिकामा सिफारिस गर्नेछ ।

माधव प्रसाद अर्याल
अध्यक्ष

| | | | |
|---|---|---|---|
| १. | माध्यमिक शिक्षा परीक्षामा प्राप्त ग्रेड | ३ | GPA ४ प्राप्त गरेकालाई ३ अङ्क, ३.६देखि ४ भन्दा तललाई २.५ अङ्क, ३.२ देखि ३.६ भन्दा तललाई २ अङ्क, २.८ देखी ३.२ भन्दा तललाई १.५ अङ्क, २.४ देखी २.८ भन्दा तल १ अङ्क र २.४ भन्दा कमलाई ० अङ्क। अक्षराङ्कन पद्धति लागू हुनुपूर्व जारी लब्धाङ्कपत्रको हकमा ९०% भन्दा माथिलाई ३, ८०% देखी ९०% भन्दा तललाई २.५, ७०% देखि ८०% भन्दा तललाई २, ६०% देखि ७०% भन्दातललाई १.५, ५०% देखि ६०% भन्दा तललाई १ र ५०% भन्दा कमलाई ० अंक दिने । |
| २. | स्नातक अध्ययनको लागि थप अङ्कभार : राष्ट्रिय परीक्षा बोर्डको परीक्षा वा सो सरहमा प्राप्त अङ्क | ३ | GPA ४ प्राप्त गरेकालाई ३ अङ्क, ३.६देखि ४ भन्दा तललाई २.५ अङ्क, ३.२ देखि ३.६ भन्दा तललाई २ अङ्क, २.८ देखी ३.२ भन्दा तललाई १.५ अङ्क, २.४ देखी २.८ भन्दा तल १ अङ्क र २.४ भन्दा कमलाई ० अङ्क। अक्षराङ्कन पद्धति लागू हुनुपूर्व जारी लब्धाङ्कपत्रको हकमा ९०% भन्दा माथिलाई ३, ८०% देखी ९०% भन्दा तललाई २.५, ७०% देखि ८०% भन्दा तललाई २, ६०% देखि ७०% भन्दातललाई १.५, ५०% देखि ६०% भन्दा तललाई १ र ५०% भन्दा कमलाई ० अंक दिने । |
| ३. | लक्षित समूहका विद्यार्थी | १ | आवेदक विद्यार्थी महिला, दलित, अल्पसंख्यक, अपाङ्गता भएका, आदिवासी जनजाती समुदायको भएमा कुल १ अङ्क |
| ४. | सामुदायिक विद्यालयमा अध्ययन गरेको | १ | एस इ इ वा सो सरह सामुदायिक विद्यालयबाट उत्तीर्ण गरेको |

माधव प्रसाद अर्याल
अध्यक्ष

| | | | |
|---|---|---|---|
| ५. | आर्थिक रुपले विपन्न | १ | गरिबीको परिचयपत्र प्राप्त भएको भए १ अंक |

(२) छात्रवृत्ति समितिको सिफारिसमा गाउँ कार्यपालिकाको निर्णय पश्चात छात्रवृत्ति वितरण हुनेछ ।

३) छनौट प्रक्रियामा आवेदकहरुको अंक बराबर भएको खण्डमा उमेरले जेष्ठ आवेदकलाई छनौट गरिने छ ।

९.छात्रवृति प्राप्त गर्न पेश गर्नुपर्ने आवश्यक कागजातहरु:

क. चालु शैक्षिक वर्षमा भर्ना भएको शैक्षिक वर्ष खुलेको वा सोही अनुरुप अध्ययन गरिरहेको सम्बन्धित शैक्षिक संस्थाको सिफारिस,

ख. उत्तरगया गाउँपालिकाको स्थायी बासिन्दा भएको सम्बन्धित वडा कार्यालयको सिफारिस, स्थायी ठेगाना खुल्नेगरी सम्बन्धित विद्यार्थीको नागरिकता वा जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपी,

ग. सामुदायिक विद्यालयमा अध्ययन गरेकाहरुले सामुदायिक विद्यालयमा अध्ययन गरेको सम्बन्धित विद्यालयको सिफारिस,

घ. शैक्षिक प्रमाणपत्रहरु सबै ।

ङ. अध्ययन गरेको शिक्षण संस्थामा भर्ना भई अध्ययन गरिरहेको कागजात (विद्यार्थी परिचयपत्र/ भर्ना रसिद/शैक्षिक उपलव्धिको प्रमाणपत्र/आन्तरिक परीक्षाको लब्धाङ्कपत्र)

च. सरकारी निकायबाट अध्ययनरत तह अध्ययनका लागि हालसम्म आर्थिक सहायता सम्बन्धी छात्रवृत्ति नपाएको भनी अध्ययनरत संस्थाको सिफारिस ।

छ. आवेदन फाराम सहित अनुसूची-१ बमोजिमको विद्यार्थी र अभिभावक/संरक्षकद्वारा हस्ताक्षरित निवेदन ।

ज. यस गाउँपालिकाबाट अघिल्ला वर्षहरुमा छात्रवृत्ति प्रदान गरिएका विद्यार्थीहरुको हकमा यसै कार्यविधिको दफा - ७ को उपदफा -२ बमोजिमको प्रमाणपत्र, दफा ९-(क) बमोजिमको कागजात सँगै सम्बन्धित शिक्षण संस्थामा अध्ययनरत रहेको सम्बन्धित वडाको सिफारिस सँगै अनुसूची १ बमोजिमको फाराम ।

माधव प्रसाद अर्याल
अध्यक्ष

१०. वितरण प्रक्रियाः-

संकलित आवेदन फारामको छात्रवृति समितिले विश्लेषण गरी पेश गरेको विवरण कार्यपालिकाले निर्णय गरेका विद्यार्थीको नाममा रहेको बैंक खातामा निकासा दिइने छ।

११. संशोधन, खारेजी र बचाउः

१) यस कार्यविधिमा उल्लेखित कुराहरुमा कुनै संसोधन गर्नुपरेमा सम्वन्धित प्रचलित ऐन नियमको परिधि भित्र रही गाउँ कार्यपालिकाले तयार गरे अनुसार रहने छ।

२) 'उत्तरगया गाउँपालिका छात्रवृत्ति वितरण सम्बन्धी कार्यविधि- २०८० पहिलो संशोधन' सहित खारेज गरिएको छ- र तत्सम्बन्धी भए गरेका काम कारबाही यसै कार्यविधि बमोजिम भएको मानिने छ ।

माधव प्रसाद अर्याल
अध्यक्ष

अनुसूची १ {दफा ९(छ) सँग सम्बन्धित}

## आवेदन फाराम

श्रीमान, प्रमुख प्रशासकीय अधिकृत ज्यू मिति:
उत्तरगया गाउँपालिकाको कार्यालय, रसुवा ।

विषय: छात्रवृत्तिको लागि आवेदन पेश गरिएको ।

प्रस्तुत विषयमा उत्तरगया गाउँपालिकाको मिति ........................ गतेको सूचना अनुसारको छात्रवृति पाउन योग्य भएकाले तपसिलको विवरण सहित यो निवेदन पेस गर्दछु।

छात्रवृत्तिको प्रकार (कुनै एकमा ठिक चिन्ह लगाउनुहोस्) : ( ) नयाँ ( ) पुरानो

१.नाम : २. अध्ययन गरेको तह
३.वर्ष वा सेमेस्टर
४. अध्ययन गरेको संस्थाको नाम :
५. विषय क्षेत्र/संकाय :
६.बुबाको नाम ठेगाना : पेशा : ना.प्र.न. :
मोवाईल न.
७.आमाको नाम : पेशा:
८.परिवार सङ्ख्या :
९.निवेदकको वार्षिक लाग्ने अध्ययन शुल्क:
१०. निवेदकको बैंक खाता नम्वर :
बैंकको नाम :
खाता रहेको बैंकको ठेगाना:
११) निवेदन साथ संलग्न कागजातहरु:

अभिभावक/संरक्षक
नाम:
सहि:
ठेगाना:
सम्पर्क नम्बर :

निवेदक:
नाम :
सहि:
ठेगाना:
सम्पर्क नम्वर :

माधव प्रसाद अर्याल
अध्यक्ष

अनुसूची २ ( दफा ७ को उपदफा १ सँग सम्बन्धित)

सर्तहरु/सम्झौताहरु

उत्तरगया गाउँपालिका र छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीबिचको सम्झौता

छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीले गर्नुपर्ने :

क. अध्ययनरत शिक्षण संस्थामा इमान्दारीताका साथ नियमित अध्ययन गरी आवश्यकतामा कम्तिमा २ वर्ष गाउँपालिकाभित्र योगदान गर्न प्रतिवद्ध रहने ।

ख. गाउँपालिकाले प्रदान गरेको छात्रवृत्ति रकमको उच्चतम सदुपयोग गर्ने ।

ग. अध्ययनमा आफुलाई उत्कृष्ट बनाउन पहल गर्ने, अध्ययनरत संस्थामा अनुकरणीय व्यवहार प्रदर्शन गर्ने ।

घ. छात्रवृत्ति प्राप्त गरी अध्ययन पुरा नगरेमा, अन्य सरकारी संस्था वा निकायबाट सोही अध्ययनका लागि छात्रवृत्ति प्राप्त गरेमा, दोहोरो पर्ने गरी छात्रवृत्ति स्वीकार गरेको खण्डमा छात्रवृत्तिको रुपमा प्राप्त गरेको रकम प्रचलित कानुन अनुसार सरकारी बाँकि सरह असुल उपर गरिने अवस्थामा मञ्जुर रहने ।

गाउँपालिकाले गर्नुपर्ने :

क. छनौट भएका विद्यार्थीलाई विद्यार्थीको नाममा रहेको बैंक खातामा तोकिएको रकम उपलब्ध गराउने ।

ख. विद्यार्थी नियमित अध्ययनरत भए नभएको समय समयमा अनुगमन गर्ने ।

ग. छनौट भएका विद्यार्थीले छात्रवृत्ति प्राप्त गरी अध्ययन पुरा नगरेमा, अन्य सरकारी संस्था वा निकायबाट सोही अध्ययनका लागि छात्रवृत्ति प्राप्त गरेमा, दोहोरो पर्ने गरी छात्रवृत्ति लिएको प्रमाणित भएमा छात्रवृत्तिको रुपमा प्राप्त गरेको रकम प्रचलित कानुन अनुसार सरकारी बाँकि सरह असुल उपर गर्ने ।

| विद्यार्थीको तर्फबाट | अभिभावक | गाउँपालिकाको तर्फबाट |
|---|---|---|
| नाम : | नाम : | नाम : |
| ठेगाना : | पद : | पद : |
| अध्ययन गरिरहेको संस्था : | दस्तखत : | दस्तखत : |
| दस्तखत : | | |
| मिति : | मिति : | मिति : |

माधव प्रसाद अर्याल
अध्यक्ष